# लोक सेवा आयोग

## राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिव वा सो सरह (अप्राविधिक) पदको

## खुला प्रतियोगितात्मक (संयुक्त) लिखित परीक्षा

मितिः- २०८०।१०।११

समयः ३ घण्टा | पत्रः प्रथम | पूर्णाङ्कः- १००

बिषयः प्रशासन र व्यवस्थापन

तलका प्रश्नहरूको उत्तर बेग्लाबेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।

१. नेपालले वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक, भाषिक, सांस्कृतिक, धार्मिक आदि सबै प्रकारको भेदभावको अन्त्य गर्न, आर्थिक समानता, समृद्धि, सामाजिक न्याय सुनिश्चित गर्न, समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तको आधारमा समतामूलक समाज निर्माण गर्न र बहुलबादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धतिको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको जनआकांक्षा पूरा गर्न नेपालमा संघीय शासन प्रणाली लागू भएको हो। नेपालको संविधानले राज्यशक्तिको प्रयोग एवम् तीनवटै तहका शासकीय एकाइहरूको अन्तरसम्बन्ध सहकारिता, सहअस्तित्व, समन्वय र पारस्परिक सहयोगको आधारमा हुने व्यवस्था गरेको छ। अधिकारको बाँडफाँट संघ, प्रदेश र स्थानीय सरकारमा एकल र साझा अधिकारका रुपमा विभक्त गरी सहकार्यमूलक संघीय शासन प्रणाली लागू गरिएको छ। संघीय शासन प्रणालीले केन्द्रमा रहेको अधिकारलाई तल्लो तहको सरकारमा अधिकार निक्षेपण गरेको हुन्छ। नेपालको संविधानले अवशिष्ट अधिकार भने संघीय तहमा निहित रहने व्यवस्था गरेको छ। मूलतः संघीय शासन प्रणाली स्थानीय स्वायत्त शासनलाई प्रभावकारी बनाउन, विविधता व्यवस्थापन गर्न, शासनमा नागरिकलाई प्रत्यक्ष संलग्न गराउन तथा नेतृत्वलाई प्रत्यक्ष जिम्मेवार तुल्याउन, विकेन्द्रित शासन प्रणाली अवलम्बन गर्न र नेतृत्व क्षमता विकास गर्न प्रभावकारी शासन प्रणालीहरु मध्ये संघीय शासन प्रणाली अंगिकार गरिएको छ। तर संघीय शासन प्रणाली अवलम्बन गरिएको नेपालमा संघीय शासन प्रणालीका अपेक्षित उद्देश्य हासिल गर्न विभिन्न कठिनाइहरू विद्यमान रहेको प्रतीत हुन्छ।

यस पृष्ठभूमिमा केन्द्रित हुँदै नेपालको संविधानले अवलम्बन गरेको संघीय शासन प्रणालीका मूलभूत व्यवस्थाहरूको कार्यान्वयनबाट प्राप्त उपलब्धि, कार्यान्वयनमा देखा परेका समस्याहरू र समस्या उत्पन्न हुनुका कारणहरुको समीक्षा गर्नुहोस्। साथै, पहिचान गरिएका समस्याहरूको निराकरणका लागि नेपालले के कस्ता रणनीतिक व्यवस्थाहरू अवलम्बन गर्न आवश्यक छ ? विश्लेषण गर्दै सुझाब दिनुहोस्। 15

२. नेपाल कमजोर भौगोलिक तथा भू-धरातलीय बनोट, जलवायु परिवर्तन, अव्यवस्थित पूर्वाधार विकास लगायतका कारण उत्पन्न विभिन्न प्राकृतिक तथा गैर प्राकृतिक विपद्को जोखिममा छ भने सक्रिय भूकम्पीय क्षेत्र, गतिशील पर्वत श्रृंखला, अस्थिर र भिरालो जमीनका कारण विश्वमा भूकम्पीय जोखिमको दृष्टिले एघारौं तथा बाढीपहिरोको दृष्टिकोणबाट तीसौं अतिजोखिमयुक्त मुलुकको रुपमा रहेको छ। नेपालमा प्राकृतिक तथा गैर प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, उद्धार, राहत एवम् पुनर्स्थापना गरी विपद् व्यवस्थापन सम्बन्धी कार्य समन्वयात्मक रुपमा संघ, प्रदेश र स्थानीय तहबाट भइरहेका छन्। तथापि, विपद् प्रभावितहरूको राहत, उद्धार र पुनर्स्थापनाका कार्यहरू प्रभावकारी हुन नसकेको जनगुनासाहरू आइरहेका नै छन्।

यस सन्दर्भमा मानव निर्मित विकास तथा निर्माणको तर्जुमा गर्दाको चरणमा विपद्लाई सम्बोधन गर्न के कस्तो कदम चाल्नुपर्ला ? आफ्नो धारणा प्रस्तुत गर्नुहोस्। विपद् व्यवस्थापनको कार्यलाई कसरी प्रभावकारी बनाउन सकिएला ? विपद्को पूर्व सूचना, उद्धार, राहत एवम् पुनर्स्थापनामा संघ, प्रदेश र स्थानीय तहको के कस्तो भूमिका हुनुपर्ने ठान्नुहुन्छ ? तार्किक सुझाबहरू प्रस्तुत गर्नुहोस्। 4+6+10=20

३. समावेशी विकास सामाजिक सामञ्जस्यताको परिचायक हो। यसले सहभागितामूलक शासन पद्धति सबल बनाउन मद्दत गर्दछ। नागरिकको राज्य तथा सरकारप्रतिको भरोसा, विश्वास र अपनत्वलाई समावेशी विकासले टेवा पुऱ्याउँछ। संविधानले समावेशी र सन्तुलित विकासमा जोड दिएको हुँदा नेपालको समग्र विकास तथा सेवा प्रवाहको एक सशक्त आयाम समावेशी विकास हो भन्न सकिन्छ। तर हाम्रो विकास प्रयासहरूका कमी कमजोरी र अपर्याप्तताले गर्दा विकास समावेशी हुन नसकेको भनी असन्तुष्टिका स्वरहरू सुनिने गरेका छन्। हाम्रो संविधानले समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने संकल्पसमेत गरेको देखिन्छ। त्यसैले, नेपालमा समावेशी विकासका नीति, कानून र आयामहरूको धेरै चर्चा हुने गरेको छ तापनि समावेशी विकासका लागि थप प्रयन्त गर्नुपर्ने यथार्थता लुकाउन मिल्ने बिषय

होइन। संविधानको प्रावधान र नागरिकको हक अधिकार प्रचलन गराई नागरिकका चाहना पूरा गर्न गराउनका लागि समावेशी विकास यद्यपी अपरिहार्य छ।

यस सिलसिलामा नेपालमा समावेशी विकास प्रतिफलदायी हुन नसक्नुका कारणहरु पहिल्याउँदै समस्याहरूको पहिचान गर्नुहोस् । समावेशी विकासलाई प्रभावकारी बनाउन स्थानीय तह, प्रदेश र संघीय सरकारले के कस्तो कार्यसंस्कृति र व्यवहारात्मक रणनीति अवलम्बन गर्नुपर्ला ? तिनको कार्यान्वयन कसरी गरेमा समस्या समाधान हुन सक्ने देख्नुहुन्छ ? प्रस्तुत गर्नुहोस् । 5+5+5+5=20

४. सामान्यतयाः देशमा उपलब्ध श्रोतसाधन र सम्भावनाका क्षेत्र, उपयुक्त प्रविधि र दक्ष जनशक्ति नै कुनैपनि देश विकासको मूल आधार हो। उपलब्ध श्रोतसाधन, उपयुक्त प्रविधि र दक्ष जनशक्तिको समुचित परिचालन गरी वस्तु तथा सेवाको उत्पादन, रोजगारी सिर्जना, व्यापार व्यवसायको स्थापना तथा सञ्चालन र यसको स्थानीय, क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरसम्मको विस्तारले नै आर्थिक क्षेत्रलाई चलायमान बनाउँछ। नेपालमा वन, जलश्रोत, खानी जस्ता प्राकृतिक श्रोतसाधनहरू, कृषिका लागि उपयुक्त जमीन, भौगोलिक विविधता अनुसारका उत्पादनहरू र अनुकूल हावापानी रहेको छ भने काम गर्न सक्ने युवा जनशक्तिको बाहुल्यता पनि रहेकै छ। यस्ता उपलब्ध श्रोतसाधन र सम्भावनाहरूको समुचित उपयोगबाट देशको आर्थिक विकासमा योगदान गर्ने गरी योजना, नीति, कानून समेत निर्माण गरी कार्यान्वयन भइरहेका छन्। सोही अनुसार बजेटको व्यवस्था र कार्यक्रमहरू पनि सञ्चालित छन्। पूँजीको आन्तरिक तथा वैदेशिक सहायता समेत परिचालन गरिएको छ। यद्यपि, एकातिर देशमा उपलब्ध श्रोतसाधन र सम्भावनाका क्षेत्रलाई उत्खनन् र परिचालन गर्न सक्ने दक्ष प्राविधिक जनशक्तिको अभाव देखिएको छ भने अर्कोतर्फ ठूलो संख्यामा युवाहरू रोजगारीको खोजीमा विदेशिएका छन्। यसैगरी कृषिको प्रशस्तै सम्भावना हुँदाहुँदै पनि अधिकांश जग्गा जमीन बाँझो रहेको छ भने नेपालमा उत्पादन हुन सक्ने धेरै किसिमका कृषि उत्पादनहरू समेत ठूलो परिमाणमा आयात गर्दा व्यापार घाटा चुलिदै गएको छ। लगानी सम्भावनाका क्षेत्रहरू धेरै रहे तापनि अपेक्षित रुपमा स्वदेशी तथा विदेशी लगानी आकर्षित हुन सकेको छैन। कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक उद्योगको योगदान बढाउन सकिएको छैन।

उपर्युक्त अवस्था सृजना हुनुका मुख्य कारणहरू पहिचान गर्दै कृषि लगायतका उपलब्ध श्रोतसाधन र सम्भावनाका क्षेत्रमा उपलब्ध जनशक्तिको परिचालन गर्न, नेपालभित्रै रोजगारीका अवसर सृजना गर्न र नेपालमा उत्पादन हुन सक्ने कृषिमा आधारित वस्तुहरू क्रमशः आयात गर्न नपर्ने अवस्था सृजना गर्न के कस्ता रणनीतिहरु अपनाउनुपर्ला ? यस सन्दर्भमा संघ, प्रदेश र स्थानीय तहले के कस्तो भूमिका निर्वाह गर्नुपर्ला ? तर्कयुक्त सुझाबसहित कार्यान्वयनयोग्य कार्ययोजना तयार गर्नुहोस्। 20

५. सामाजिक न्याय, सामाजिक सुरक्षा र सामाजिक संरक्षण प्रदान गर्नु राज्यको कर्तव्य हो। नेपाल सरकारले यस सम्बन्धमा विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेको भए तापनि ती कार्यक्रमहरु छरिएर रहेको हुँदा लक्षित वर्गलाई प्रभावकारी तवरबाट समेट्न नसकेको गुनासो रहेको अवस्था छ। अर्कोतर्फ राज्यको राजनीतिक, प्रशासनिक लगायतका क्षेत्रमा त्यस्ता वर्गको पहुँच र सहभागिता अभिबृद्धिको लागि सरकारले विभिन्न प्रयासहरु गरेको छ। यस किसिमका प्रयासहरुबाट अझै पनि वास्तविक लक्षित वर्गले अवसर पाउन नसकेको गुनासो पनि विद्यमान रहेको छ। राज्यले सबै वर्ग समुदायलाई समान एवम् न्यायोचित व्यवहार र अवसर उपलब्ध गराउने सोँचका साथ विभिन्न किसिमका कार्यक्रमहरू कार्यान्वयनमा ल्याएको छ। राज्यका सबै क्षेत्रमा समावेशीकरणको अवस्था अपेक्षाकृत सन्तोषजनक छैन। सामाजिक सद्भाव र सामञ्जस्यता सबैको चाहना र अपेक्षा भएपनि हालैका दिनहरूमा देशका विभिन्न स्थानहरूमा सामाजिक सद्भावमा असर पार्न सक्ने किसिमका घटनाहरू घट्दै गएको देखिन थालेको छ। यस किसिमको अवस्थाले देशको सामाजिक, राजनीतिक जीवन एवम् आन्तरिक शान्ति सुरक्षामा समेत गम्भीर असर पर्न सक्ने देखिन्छ।

प्रस्तुत सन्दर्भमा देहायका सवालहरूको समाधान गर्नुहोस्। 10+7+8=25

क) हाल सञ्चालित सामाजिक न्याय, सामाजिक सुरक्षा र सामाजिक संरक्षणका कार्यक्रमहरूको समीक्षा गर्दै राज्यका विभिन्न क्षेत्रमा लक्षित वर्गलाई मूलप्रवाहीकरण गर्न गरिएका प्रावधानहरूको कार्यान्वयन अवस्था टिप्पणी गर्नुहोस्।

ख) हालका दिनमा सामाजिक सद्भावमा असर पार्ने किसिमका गतिविधिहरू बढ्दै जानुका कारणहरूबारे विश्लेषण गर्नुहोस्।

ग) उल्लिखित टिप्पणी र विश्लेषणको आधारमा आफ्ना सुझाबहरू प्रस्तुत गर्दै सुझाब कार्यान्वयनका लागि व्यवहारिक एवं कार्यान्वयनयोग्य कार्ययोजनासमेत प्रस्तुत गर्नुहोस्।